नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्धा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७९।०७।२८ गते मुद्दा दायर गरिएको छ।

१. **अभियुक्तको विवरण:**

- मुसाफिर महतोको नाति, बाणेश्वर महतोको छोरा ब्रम्हपुरी नगरपालिका वडा नम्बर -२, सखुवाबा, सर्लाही स्थायी ठेगाना भई का.जि. का.म.न.पा वडा नं. १४ कुलेश्वरमा रहेको अंकुश सप्लायर्स एण्ड ट्रेडर्स (स्था.ले.नं. ६०२९२२१६४) का प्रोपराइटर **प्रविण कुमार महतो** ।
- रामदेव पासवानको नाति, छेकनारायण पासवानको छोरा, जिल्ला बारा, दहियार गा.वि.स. वडा नं. २(हाल भवानीपुर नगरपालिका वडा नम्बर ८ स्थायी ठेगाना भएका युनिक ट्रेडर्स एण्ड ईन्टरप्राइजेज (स्था.ले.नं.६०७७२१५०४)को प्रोपराइटर **आत्मराम पासवान** ।

२. **कसुरको संक्षिप्त विवरण:**

अंकुश सप्लायर्स एण्ड ट्रेडर्स (स्था.ले.नं. ६०२९२२१६४) र युनिक ट्रेडर्स एण्ड ईन्टरप्राइजेज (स्था.ले.नं.६०७७२१५०४) का प्रोप्राईटरहरुले राजस्व चुहावट गर्ने मनसायले जालसाजीयूक्त, नक्कली तथा झुट्टा मूल्य अभिबृद्धि कर विजक खरिद गरी बित्तीय विवरणहरु तथा आय विवरणहरु तयार गरी प्रचलित आयकर ऐन, २०५८ तथा मुल्य अभिबृद्धि कर ऐन, २०५२ तथा नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको ।

३. **कायम भएको विगो र सजायको मागदावि:**

राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (क),(ख) र (ग) तथा हाल संसोधित दफा ४ को उपदफा (क), (ग) र (झ) (बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने **मु.अ.कर तर्फ रु. ५,४१,५९,०२९।- र आयकर तर्फ रु. १७,२२,२१,९९४।-** समेत गरी जम्मा हुन आउने **कुल विगो रु. २२,६३,८१,०२३।-** (वाईस करोड त्रिसठ्ठी लाख एकासी हजार तेइस रुपैया मात्र) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन, २०७६) को दफा २३(१) बमोजिम असुल गरी शत प्रतिशत जरिवाना तथा सोही दफा २३ को उपदफा (१)(क) बमोजिमको हदैसम्मको कैद र उपदफा ४ बमोजिमको ब्याज समेत असूल हुन श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको छ।

| सि.नं | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | प्रविण कुमार महतो<br>आत्मराम पासवान | २२,६३,८१,०२३।- | २२,६३,८१,०२३।- | ४५,२७,६२,०४६।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**